**स्थानीय राजपत्र**

केरावारी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ७, संख्या १६, २४ माघ २०८०

**भाग-२**

# केराबारी गाउँपालिकाको प्रधानाध्यापक छनौट, नियुक्ति तथा व्यवस्थापन कार्यविधि, २०८० (प्रथम संशोधन कार्यविधि) प्रस्ताव २०८०

कार्यपालिकाबाट पारित मिति: २०८०।१०।१५

प्रमाणिकरण मिति:२०८०।१०।२२

<u>**प्रस्तावना**</u> केराबारी गाउँपालिकाको केराबारी गाउँपालिकाको प्रधानाध्यापक छनौट, नियुक्ति तथा व्यवस्थापन कार्यविधि, २०८० लाई समायानुकुल संशोधन गर्न वाञ्छनीय भएकाले, केराबारी

गाउँपालिका गाउँकार्यपालिकाको वैठकले स्वीकृत गरी यो कार्यविधि लागु गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** :- (१) यो कार्यविधिको नाम “केराबारी गाउँपालिकाको केराबारी गाउँपालिकाको प्रधानाध्यापक छनौट, नियुक्ति तथा व्यवस्थापन कार्यविधि, २०८० (प्रथम संशोधन कार्यविधि) प्रस्ताव, २०८०” रहेको छ ।

**२.** कार्यविधिको दफा २ मा **उपदफा १५** राखि **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले **केराबारी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ"** भन्ने वाक्यांश **थप** गरिएको छ

**३.** कार्यविधिको दफा ४ को उपदफा १ को खण्ड ख मा रहेको **"गाउँपालिकाले"** भन्ने शव्द **हटाई "प्रमुख प्रशासकीय अधिकृतले"** भन्ने शव्द **राखिएको** छ ।

**४.** कार्यविधिको दफा ४ को उपदफा १ को खण्ड ग मा रहेको **"शिक्षा विकास तथा समन्वय इकाइले तोकेको अधिकृतस्तरको कर्मचारी एक जना -सदस्य" भन्ने वाक्यांश** हटाइएको छ ।

**५.** कार्यविधिको दफा ४ को उपदफा १ को खण्ड घ मा गाउँ शिक्षा समितिको अध्यक्षले मनोनित गरेको विज्ञ पछाडीको शव्द **"एक" हटाई "दुई" राखिएको** छ भने **विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको विज्ञ एक जना गरी जम्मा** भनि उल्लेख

भएको शव्दको **पछाडिको** शव्द **"दुई" हटाई "तीन" राखिएको** छ ।

**६.** कार्यविधिको दफा ४ को उपदफा ४ मा रहेको **"तर खण्ड (ख) र (ग) मध्ये कुनै एक सदस्य अनुपस्थित भएको अवस्थामा समेत छनौट प्रक्रिया अघि बढाउन बाधा पर्नेछैन"** भन्ने वाक्यांशलाई **हटाइएको** छ ।

७. कार्यविधिको दफा ४ को उपदफा ५ मा उल्लेख भएको **"कम्तीमा ५ वर्ष"** भन्ने पदावली **हटाइएको** छ ।

**८.** कार्यविधिको दफा ५ को उपदफा १ मा उल्लेख भएको **"वा सो सरह" "वा सो सरह", "वा सो सरह", र "वा सो सरह परिक्षा"** भन्ने पदावली हटाइएको छ ।

**९. कार्यविधिको दफा ७ को उपदफा १ को खण्ड क मा प्रयोग भएको** "१५ (पन्ध्र) दिनभित्र" भन्ने **पदावली** हटाइएको छ ।

**१०. कार्यविधिको दफा ७ को उपदफा १ को खण्ड ख कोमा उल्लेख भएको** खण्ड (क) बमोजिम जानकारी प्राप्त भएपछि शिक्षा शाखाले भन्ने पदावली पश्चात **"सो प्रस्ताव गाउँ शिक्षा समितिको बैठकमा पेश गर्नुपर्नेछ । गाउँ शिक्षा समितिले प्रधानाध्यापक नियुक्तिको लागि अनुमति दिने निर्णय गरेमा शिक्षा शाखाले विद्यालयलाई नियुक्ति प्रकृया अघि बढाउन विद्यालयलाई अनुमति दिनुपर्नेछ"** भन्ने वाक्यांश **थप** गरिएको छ । ततपश्चातको सवै वाक्यांस **हटाइएको** छ ।

११. कार्यविधिको दफा ७ को उपदफा १ को खण्ड "ग" मा भएको वाक्यांस **हटाइ "सो प्रस्ताव गाउँ शिक्षा समितिको बैठकमा पेश गर्नुपर्नेछ । गाउँ शिक्षा समितिले प्रधानाध्यापक नियुक्तिको लागि अनुमति दिने निर्णय गरेमा शिक्षा शाखाले विद्यालयलाई नियुक्ति प्रकृया अघि बढाउन विद्यालयलाई अनुमति दिनुपर्नेछ "** भन्ने वाक्यको व्यहोरा **थप** गरिएको छ ।

**१२.** कार्यविधिको दफा ७ को उपदफा १ को खण्ड छ रहेको व्यवस्थापन समितिले छनौट भएको उम्मेद्वारलाई पछाडी **"नियुक्तिको लागि"** भन्ने शव्द **थप** गरि ततपश्चातको **"सिफारिसको लागि आवश्यक कागजात सहित"** भन्ने पदावली हटाइ लगत्तै पछी **"आवश्यक कागजात सहित गाउँपालिकामा पठाउनुपर्नेछ"** भन्ने पदावली **थप** गरि लगत्तै पछाडीको वाक्यांसलाई हटाइएको छ ।

१३. कार्यविधिको दफा ७ को (ज) मा उल्लेख भएको **"शिक्षा विकास तथा समन्वय इकाइ प्रमुखलाई"** भन्ने पदावलीलाई हटाई **"प्रमुख प्रशासकीय अधिकृतले"** भन्ने पदावली **थप** गरिएको छ ।

१४. कार्यविधिको दफा १२ मा उल्लेख भएको शिक्षा विकास तथा समन्वय इकाइ पछाडीको **"मोरङ"** शव्दलाई **हटाइएको** छ ।

१५. कार्यविधिको अनुसूचि २ को क्र.स २ को मुल्यांकनको आधार अन्तर्गत रहेको **"शिक्षण"** शव्दलाई **हटाइएको** छ । यसै अन्तर्गतको आधारको विस्तृतिकरण अन्तर्गत वाक्यांसको सुरुमा **"क"** अक्षर **थप** गरी उक्त वांक्यांसको पछाडी वढीमा **"२५"** लाई **हटाइ "२०" राखिएको** छ । त्यस पश्चातको तर पश्चात **"शिक्षण अनुभव बापत अङ्क प्रदान गर्दा"** भनिने शव्दावली **थप** गरिएको छ भने महिलाको हक भन्ने शव्द पछाडिको **"२५"** लाई **हटाइ "२०"** राखिएको छ ।

यसैगरी वीस प्रतिशत अङ्क थप गरिनेछ भन्ने शव्दावली **अगाडी "प्राप्ताङ्कको"** भन्ने शव्द **थप** गरिएको छ ।

१६. कार्यविधिको अनुसुचि २ को क्र.स. ६ को आधारको विस्तृतिकरण अन्तर्गत "क" मा उल्लेख भएको **"शिक्षा विकास तथा समन्वय इकाइको प्रमुखको**" भन्ने पदावलीलाई **हटाइ** "**प्रमुख प्रशासकीय अधिकृतको"** को भन्ने पदावली **राखिएको** छ ।

१७. कार्यविधिको अनुसुचि २ को द्रस्टव्यको वुदा नं. ७ मा उल्लेख भएको **"शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख**" भन्ने पदावली हटाई **"प्रमुख प्रशसकीय अधिकृत"** भन्ने पदावली **राखिएको** छ ।

आज्ञाले,
सुवास श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत